कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२

च.नं.:

मिति : २०८२/०१/१६

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

## विद्यालयमा खेलकूद प्रशिक्षकको लागि आवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

सामुदायिक विद्यालयमा करारमा खेलकूद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि २०८१ तथा नगर कार्यपालिकाको मिति २०८१/१२/३१ गतेको निर्णय बमोजिम नगरस्तरीय खेलकूद विकासका लागि २०८२ असार मसान्तसम्मको लागि तपसिलका खेल विधामा खेल प्रशिक्षकको रुपमा करार सेवामा रही काम गर्न इच्छुक नेपाली नागरिकबाट आवेदन माग गरिन्छ।

तपसिल :

१. पद : खेल प्रशिक्षक २ जना (विधा : तेक्वान्दो १ जना र क्रिकेट १ जना)

२. वाञ्छनीय योग्यता :

- नेपाली नागरिक
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा पनि प्रवीणता प्रमाण पत्र तह (१०+२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको
- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
- सम्बन्धित खेलको कम्तिमा ३ महिनाको तालिम प्रशिक्षण प्रमाणपत्र
- रेफ्रीको भुमिका निर्वाह गरेको प्रमाण पत्र तथा अन्य प्रमाणपत्रहरू
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय पदक तथा सेमिनार गरेकोलाई विशेष मान्यता दिइने
- कानूनी रुपमा कुनै पनि फौजदारी अभियोजनमा सजाय नपाएको
- मानसिक संतुलन ठीक भएको ।

३. आवेदन दस्तुर : रु. १०००/- (एक हजार रुपैयाँ मात्र।)

४. सेवा सुविधा : नगरपालिकाले तोके अनुसार

५. छनौटको किसिम : खेलकूद प्रशिक्षक छनौटसमितिले निर्धारण गरे अनुसार

६. परीक्षा तथा छनौट सम्बन्धी पाठ्यक्रम : विद्यालयमा करारमा खेलकूद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि २०८१ को दफा ६ र ७ बमोजिम

७. दरखास्त दिने अन्तिम मिति : २०८२/०१/३० गतेसम्म (परीक्षा सम्बन्धी कार्यतालिका समितिको निर्णय बमोजिम दरखास्त दिने अन्तिम दिन तोकिनेछ।)

.....................................

मानबहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत